# पारिवारिक कानुनको समाजशास्त्रीय अध्ययन

**विमल पोखरेल**

bimalwin@gmail.com

**लेखसार**

कानुनशास्त्र समाज विज्ञानको एउटा अभिन्न अङ्ग हो । यसका दर्जनौँ शाखा, उपशाखाहरू रहेका छन् । पारिवारिक कानुन देवानी कानुनको शाखाका रूपमा रहेको छ । व्यक्ति, परिवार र समाजलाई व्यवस्थित गर्ने र विभिन्न तरिकाले उत्पन्न विवाद समाधान गर्ने उद्देश्यका लागि निर्माण भएका कानुनहरू पारिवारिक कानुन हुन् । यसमा पारिवारिक सम्बन्ध, सम्पत्ति, खाना, कपडा, बसोबास, अशक्त र वृद्धवृद्धाहरूको स्याहारसुसार, औषधि, उपचार, बालबालिकाको शिक्षा, स्वास्थ्य आदि पर्दछन् । व्यक्तिका भौतिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा भावनात्मक सम्बन्ध आदि कुरा जोडिएका हुन्छन् । परिवारलाई व्यावहारिक, वैज्ञानिक, आधुनिक तथा व्यवस्थित बनाउन, पारिवारिक विवाद समाधान गर्न र समाधान हुन नसकेको अवस्थामा न्यायिक तथा अर्धन्यायिक निकायबाट छिटोछरितो समाधान तथा निरूपण गर्नका लागि पारिवारिक कानुनको आवश्यकता पर्दछ । पारिवारिक कानुन कार्यान्वयन गर्नका लागि पारिवारिक अदालत, पारिवारिक इजलास वा न्यायिक समिति गठन गरिन्छ । पारिवारिक अदालतका फाइलहरू तहकिकात हुँदाका बखत कानुनी प्रावधान र आवश्यकताअनुसार गोप्य राखिन्छन् । कानुनद्वारा तोकिएको कार्यविधिमार्फत समस्या वा मुद्दाको न्यायिक निरूपण गरिन्छ । पारिवारिक सद्भाव, व्यक्तित्वको सर्वाङ्गीण विकास, इज्जत, प्रतिष्ठा, सम्पत्तिको संरक्षण, सामाजिक सुरक्षा, रीतिरिवाज, भाषा, धर्म, संस्कार, संस्कृतिको संरक्षणजस्ता विषयहरूलाई कानुनका माध्यमबाट सम्बोधन गर्दै चेतनशील, उन्नत, व्यावहारिक र वैज्ञानिक समाजको निर्माण गर्न पारिवारिक कानुनको महत्त्व रहेको हुन्छ । पारिवारिक कानुनले व्यक्ति परिवार, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय समुदालाई जोड्ने काम गर्दछ ।

**शब्दकुञ्जी** : कानुनशास्त्र, तहकिकात, देवानीसंहिता, न्यायिक समिति, फैसला ।

## विषय प्रवेश

कानुनशास्त्र समाज विज्ञानको पुरानो शाखामध्येको एक हो । कानुनशास्त्रले समाजलाई दर्शन, सिद्धान्त, विधि र पद्धतिमा हिँडाउँदै आएको छ । कानुन जनताको तहबाट बन्छ कि शासनसत्तामा बस्ने मान्छे वा जनताबाट चुनिएका प्रतिनिधिहरूले बनाउँछन् भन्ने बहस सदियौँदेखि चल्दै आएको छ । कानुनशास्त्रको वर्तमान इतिहासको विकसित रूप हो । कानुन कसरी बन्छ भन्ने विषयमा पश्चिमा अवधारणा र पूर्वीय अवधारणा फरकफरक पाइन्छ । फ्रान्सका सम्राट लुइ चौधौँले म आफैं राज्य हुँ भनी घोषणा गरेका थिए । त्यसताका ब्रिटिस राजाहरू पनि त्यस्तै दाबी गर्दथे । राज्य नागरिकको नभएर राजाको हो भन्ने मान्यता युरोपेली राजनीतिको केन्द्रबिन्दुमा रहेको थियो (संग्रौला, २०७७, पृ. २) कानुन निर्माणमा पनि राजाहरूकै प्रमुख भूमिका रहन्थ्यो ।

कानुन किन आवश्यक पर्छ भन्ने महत्त्वपूर्ण प्रश्न हो । समाजशास्त्रीहरूले कानुनलाई संसारको सङ्कीर्णशास्त्र पनि भन्ने गर्दछन् । कानुन समाजमा बलियोसँग उपस्थित भएको छ र सबै समाजमा लागु भएको छ । न्यायको चाहना, शान्तिसुरक्षाको आवश्यकता र सुख समृद्धिको आकाङ्क्षालाई सम्बोधन गर्न सक्ने एउटा मात्र साधन कानुन हो । क्षेत्र, समाज र जातिका आधारमा कानुनको प्रकृति अलगअलग हुन्छ (वस्ती, २०७०, पृ. ३१) कानुन व्यक्तिको समग्र पहिचान र सुरक्षासँग जोडिएको हुन्छ ।

पूर्वीय समाजको बनौट र व्यावहारिक अभ्यास पश्चिमको जस्तै पाइँदैन । यहाँ राजाले राज्य सञ्चालन गरे पनि कानुन बनाउने कार्य मूल रूपमा पण्डित र ऋषिमुनिहरूले गर्ने गर्दथे । पूर्वीय कानुनशास्त्रमा सार्वजनिक मतलाई कानुनको मुख्य स्रोतको रूपमा ग्रहण गरिएको छ । त्यसैले पूर्वीय कानुनशास्त्रले कानुनको निर्माण गर्ने अधिकार राजालाई दिँदैन वा कानुनको निर्माण गर्ने अख्तियार राजाको होइन (संग्रौला, २०७७, पृ. ३) । कानुनशास्त्रको दार्शनिक, सैद्धान्तिक अध्ययन र व्यावहारिक प्रयोग एकआपसमा जोडिएर आउँछन् । पारिवारिक कानुनका सन्दर्भमा पनि यही कुरा लागु हुन्छ । वैकल्पिक प्रक्रियाद्वारा विवाद समाधान गर्न सकिन्छ भन्ने सैद्धान्तिक अवधारणाबाट पारिवारिक कानुनको उत्पत्ति भएको हो ।

पारिवारिक कानुन प्राचीनकालदेखि चलिआएका व्यावहारिक अभ्यासबाटै विकसित भएको पाइन्छ । परिवार र समाजमा रहेको आपसी मित्रता, विश्वास र व्यवहारलाई कायम राख्न र मेलमिलापबाट समस्याको समाधान गर्न पारिवारिक कानुनले मद्दत गर्दछ । बीसौँ शताब्दीको प्रारम्भदेखि विभिन्न देशका अदालतहरूले मध्यस्थतालाई प्रयोगमा ल्याएका छन्, जुन पारिवारिक कानुनको आधुनिक रूप हो । पारिवारिक कानुन कार्यान्वयन गर्नका लागि पारिवारिक अदालत वा पारिवारिक इजलास गठन हुने गर्दछ । पारिवारिक समस्या र विवादको कानुनी समाधान गर्न र पारिवारिक मुद्दाहरूको न्यायिक निरूपण गर्ने अधिकार पारिवारिक अदालतलाई हुने गर्दछ । पारिवारिक कानुन वा अदालत समाजको अभिन्न अङ्ग हो ।

परिवार एउटा प्राचीन सामाजिक संस्था हो । विवाहबाट परिवार निर्माण हुन्छ । संसारभरि विवाह छनौट गर्ने आआफ्नै तरिका र मूल्यमान्यताहरू रहेका छन् भने विवाह विच्छेद हुने अवस्था पनि बेग्लाबेग्लै रहेका छन् । परिवारसँग सम्पत्ति, समाज, धर्म, संस्कृति, रीतिथिति, पेसा, व्यवसाय, सामाजिक सुरक्षाजस्ता विषयहरू जोडिएका हुन्छन् । सामान्यतया परिवारभित्र आइपर्ने जुनसुकै विवाद वा समस्या समाधान गर्ने वा परिवारका सदस्यहरूलाई व्यवस्थापन गर्ने कानुनको नाम नै पारिवारिक कानुन हो । पारिवारिक कानुन त्यस्ता व्यक्तिहरूको दैनिक जीवननिर्वाह गर्ने सामाजिक संस्कार, व्यवहार गर्दै एउटा सभ्य र विकसित समाजको परिकल्पना साकार पार्न जन्मिएको कानुन हो (बस्याल, २०७६, पृ. ६) ।

## नेपाली कानुनको प्रकृति

आधुनिक नेपाल बाइसेचौबिसे राज्यबाट गाभिएर एकीकृत भएको हुनाले स्थानीय रूपमा

कतिपय प्रचलनहरू फरकफरक रहिआएका छन् । जयस्थिति मल्लले ल्याएको मानव न्यायशास्त्र र राम शाहले ल्याएको २६ थितिले प्राचीन न्यायप्रणालीमा ठुलो योगदान गरेका थिए । जङ्गबहादुर राणाले वि.सं. १९१० को मुलुकी ऐनमार्फत देवानी र फौजदारी कानुनलाई एकीकृत गरेर देशभर लागु गरेका थिए । राजा महेन्द्रले वि.सं. २०२० सालमा नयाँ मुलुकी ऐन जारी गरेका थिए । यो ऐनमा समयानुकूल व्यापक फेरबदल भयो । नेपाली कानुनी प्रणालीको नाभी हिन्दु कानुनी प्रणाली हो । काठमाडौँ बाहिरको कानुनी प्रणालीका बारेमा ऐतिहासिक सामग्री संरक्षणको अभावमा नासिँदै गयो र खोजीको अभावमा लोप हुँदै गयो । तर निश्चित रूपमा एउटा कुरा के भन्न सकिन्छ भने धेरै क्षेत्रमा हिन्दु धर्मशास्त्रका पुस्तकहरूको प्रत्यक्ष प्रभाव थियो । आज नेपालको कानुनी प्रणाली सिभिल ल र कमन ल कानुनी प्रणालीबाट प्रभावित छ । तर पनि हिन्दु कानुनी प्रणालीबाट यो बिल्कुल विमुख छैन । आज आवरणका रूपमा प्रचलित ऐनहरूको नाम संहिता भए तापनि अन्तरवस्तु भने मुलुकी ऐनबाट टाढा छैनन् (वस्ती, २०७०, पृ. ३८, ३९) । नेपालमा २००७ सालदेखि २०८० सालसम्मको अभ्यासमा हिन्दु कानुन प्रणालीका साथसाथै रोमन कानुन प्रणाली, कमल ल प्रणाली अपनाएर मिश्रित कानुन प्रणाली अवलम्बन गरिएको छ ।

## पारिवारिक कानुनको इतिहास

विश्वका धेरै देशहरूमा प्राचीनकालदेखि भएका पारिवारिक, कानुनी, सामाजिक अभ्यास मिल्दाजुल्दा देखिन्छन् । धर्म, संस्कृति, प्रथा आदि तकिारहरू फरक परे तापनि परिवार, विवाह, सम्पत्ति आदिका अभ्यासहरू मिल्दाजुल्दा देखिन्छन् ।

नेपालको इतिहास हेर्दा प्राचीनकालमा न्याय दिने कार्यका लागि व्यवस्थित अदालत खडा गरिएको थिएन । स्थानीय रूपमा विवादहरू मिलाउने गरिन्थ्यो । किरातकालको न्यायप्रणाली नेपालको आधुनिक न्यायप्रणालीसम्म आउँदा पनि कुनै न कुनै रूपमा कायम रहिआएको छ । किरातकालीन न्यायप्रशासन किरातीहरूको धर्म र संस्कृतिबाट प्रत्यक्ष रूपमा प्रभावित रहेको देखिन्छ । राज्यको न्यायको स्रोत मानिने राजाबाट प्रत्यायोजित न्यायिक अधिकार प्रयोग गर्ने पञ्चभलाद्मी तथा न्यायसभाबाटै न्यायप्रशासनको काम गरिन्थ्यो । यसबाहेक राजाद्वारा स्थानीय खासखास व्यक्तिहरूलाई पनि न्यायप्रशासनको काम सुम्पिएको देखिन्छ (खनाल, २०७३, पृ. ३०) यसरी स्थानीय तहबाट मुद्दाहरूको छिनोफानो गरिएको पाइन्छ । ती पारिवारिक अदालतको रूपमा रहेका थिए ।

किरातकालमा मुद्दामामिलाहरूमा पुनरावेदन सुन्ने बेग्लै संयन्त्रको कल्पना गरिएको थिएन । स्थानीय तहमा मिल्न, मिलाउन नसकिएका मुद्दाहरू राजाकहाँ पुग्ने गर्दथे । बिर्तावाला, पञ्चहरू, सरदार, काजी, भारदार आदिले निर्णय गर्न नसकेका मुद्दा मामिला राजासमक्ष सुनुवाइका लागि पठाउने प्रचलन देखिन्छ । स्थानीय पदाधिकारीले गरेको निर्णय उपर पक्षविपक्षको चित्त नबुझेमा राजासमक्ष विन्तीपत्र गर्न सकिन्थ्यो (खनाल, २०७३, पृ. १२४) । पुनरावेदन सुन्नुपर्छ वा अदालत आवश्यक छ भन्ने परिकल्पना नगरिएको र न्याय सम्पादन गर्ने जनशक्ति नभएका कारणले पनि स्थानीय रूपमा मिल्न नसकेका मुद्दाहरू राजासमक्ष जाने गर्दथे ।

राजा न्याय दिने अन्तिम व्यक्ति थिए । राजा सबैका आशाका केन्द्र भए तापनि राजाले एक्लै निर्णय गर्दैन थिए । शास्त्रविज्ञ, पण्डितहरू, काजीहरू, भारदारहरूसमेत भएको राजाको कचहरीमा आवश्यक छलफल गरेर प्रमाणहरूसमेत बुझी अन्तिम निर्णय दिने प्रचलन थियो (खनाल, २०७३, पृ. १२४) । किरातकालदेखि सुरु भएको न्याय दिने तरिका लिच्छविकाल, मल्लकाल हुँदै शाहकालमा पनि यही तरिका र कार्यविधि अपनाएकाले बेग्लै र नयाँ तरिका अपनाएको देखिँदैन । मल्लकालमा जयस्थिति मल्लले बनाउन लगाएको *मानव न्यायशास्त्र* संहिताबद्ध रूपमा आएको थियो । मानव न्यायाशस्त्रले न्यायप्रणालीलाई व्यवस्थित बनाएको थियो । वि.सं. १९१० मा जङ्गबहादुर राणाले मुलुकी ऐन ल्याएका थिए । त्यसले कानुनलाई थप व्यवस्थित बनायो । जङ्गबहादुर राणाले बनाउन लगाएको मुलुकी ऐन, मानव न्यायशास्त्रका

आधारमा बनाइएको दस्तावेज थियो भन्न सकिन्छ ।

मानव न्यायशास्त्र तथा मुलुकी ऐन १९१० (वि.सं.) दुवैले महिलाहरूको समान व्यक्तित्वको हैसियत अस्वीकार गरेका छन् भन्न सकिन्छ । महिलाको स्वाधीन व्यक्तित्वको हैसियतलाई ती दुवै संहिताले पुरुषको अधीनमा राखेका छन् । महिलालाई पैत्रिक वंशजको नाता वा सदस्यताबाट अलग गरेका छन् । महिलाको लैङ्गिक पहिचान समाप्त पारेका छन् र महिलाको यौन व्यवहारमाथि पुरुषको एकलौटी अधीन स्थापित गरेका छन् (संग्रौला, २०७७, पृ.३९) । गोरखाका राजा राम शाहले पारिवारिक कानुनलाई थप व्यवस्थित गरेका थिए । राम शाहले बाँधेका थितिहरू मुख्यतः व्याज (दामको दुनु, अन्नतको तिनु), आना, सुका, रूपैयाँ, मानापाथी, ढक, तराजु, खासखास मुद्दा मामिला कचहरीबाट नहेर्ने, ब्राह्मणलाई जग्गा बिर्ता दिँदा जग्गाको किल्ला निर्धारण गर्ने, ६ थर घरको बन्दोबस्त, गोचर, वन पाल्ने र रूख लगाउने, अपराध र दण्डसजाय, पुरोहित, गहना, पहिरन इत्यादि विविध विषयसँग सम्बन्धित देखिन्छन् (खनाल, २०७३, पृ. १३२) । राम शाहको कानुनी अभ्यास जनताको दैनिक व्यवहारसँग धेरै सम्बन्धित रहेको छ ।

## पारिवारिक कानुनका स्रोतहरू

क. प्रथाहरू– समाजमा परम्परादेखि चल्दै आएका प्रथाहरू (जस्तै- धार्मिक, सामाजिक, सांस्कृतिक, जातीय, भौगोलिक आदि धेरै प्रथाहरू) रहेका हुन्छन् । सबै प्रथाहरू व्यक्ति र परिवारसँग जोडिएका हुन्छन् ।

ख. धर्मग्रन्थहरू– संसारमा धेरै धर्म मान्ने मान्छे रहेका छन् । सबै धर्ममा बेग्लाबेग्लै व्यवहारहरू गरिन्छन् । जन्म, विवाह, मृत्यु, सांस्कृतिक कार्यहरू फरकफरक हुने गर्दछन् । हजारौँ वर्षदेखि गरिएको अभ्यास समाजमा जीवित रहेको हुन्छ । व्यक्ति र परिवारसँग प्रत्यक्ष जोडिएको हुनाले पारिवारिक कानुनको स्रोत धर्म पनि हो ।

ग. संविधान र कानुन– आधुनिक समाजमा व्यक्ति र परिवारसँग जोडिएका धेरै विषयमा संविधान र कानुनहरूमा व्यवस्था गरिएको हुन्छ । परिवारको संरचना, पारिवारिक दायित्व, कर्तव्य, विवाह गर्ने अधिकार, सन्तानको अधिकार, सम्पत्तिको अधिकार, सम्बन्ध विच्छेद आदिका बारेमा संविधान र कानुनमा व्यवस्था गरिएको हुन्छ ।

घ. न्यायिक निर्णय– अदालत र न्यायिक निकायहरूले गर्ने निर्णयहरू पारिवारिक कानुनका स्रोतहरूको रूपमा रहेका हुन्छन् । तिनले कानुनको विकासमा धेरै मद्दत गरेका हुन्छन् । न्यायिक निर्णयहरूले समाजका धेरै पक्षहरूका बारेमा उल्लेख गरेका हुन्छन् । संविधान, कानुनी व्यवस्था, घटना र परिस्थितिहरूलाई समग्रतामा केलाएर व्याख्या गरिएको हुन्छ ।

ङ. अन्तर्राष्ट्रिय सन्धिहरू– जस्तै संयुक्त राष्ट्रसङ्घको बडापत्र, मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, बाल अधिकारसम्बन्धी महासन्धि, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि आदि पारिवारिक कानुनका स्रोत हुन् । अन्तर्राष्ट्रिय सन्धिहरूले कुनै पनि देशको कानुनलाई अन्तर्राष्ट्रिय समुदायसँग जोडेको हुन्छ । व्यक्ति राष्ट्रिय मात्रै नभएर अन्तर्राष्ट्रिय व्यक्ति पनि हो । कुनै पनि व्यक्ति आफ्नो देशबाट अन्य देशमा गएको अवस्थामा अन्तर्राष्ट्रिय सन्धि र कानुनहरू आकर्षित हुने गर्दछन् ।

च. पारिवारिक कानुनका स्रोत– विशेषज्ञहरूका पुस्तकहरू, लेखरचनाहरू पनि हुन् । पारिवारिक कानुनको विकास र उन्नयनमा पुस्तक, लेखरचनाहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

## सुलेमानको फैसला

राजा सुलेमानले गरेको पारिवारिक विवाद समाधान प्रसिद्ध रहेको छ । यो फैसलाको सार बुझ्ने हो भने पारिवारिक विवादहरू समाधान गर्नका लागि कति विवेक आवश्यक पर्ने रहेछ भन्ने कुराको बोध गर्न सकिन्छ । जसको सार यस्तो छ– दुई जना महिला इजिप्टका राजा सुलेमानकहाँ न्याय माग्नका

लागि गए। ती दुई जनामध्ये एक जनाले जिउँदो बच्चा लगेकी थिइन् भने अर्को एक जनाले मरेको बच्चा लगेकी थिइन्।

मरेको बच्चा लगेकी महिलाले भनिन्– महाराज ! हामी एकै ठाउँमा बस्छौँ। मैले बच्चा जन्माएको तीन दिनपछि उनले बच्चा जन्माएकी थिइन्। गए राति सुतेको बेला च्यापिएकाले उनको बच्चा मर्‍यो। म निदाएको बेला उनले मेरो बच्चा लगेर आफ्नो मरेको बच्चा मेरो ओछ्यानमा राखिदिइछन्। बिहान उठेर खुवाउने बेलामा मरेको बच्चा मेरो ओछ्यानमा देखेँ। मलाई मेरो बच्चा दिलाइदिनुहोस्।

जिउँदो बच्चा लिएर गएकी महिलाले भनिन्– मरेको बच्चा तिम्रो हो। मेरो बच्चा जीवित छ। मेरो बच्चामा उसको हक लाग्दैन। यसरी विवाद समाधान हुन नसकेपछि सुलेमानले आफ्ना सैनिकलाई तरबार लिएर आउन र बच्चालाई काटेर आधाआधा दिन आदेश दिए। दोस्रो महिलाले बच्चालाई काट्न सहमति दिइन्। पहिलो महिलाले भनिन्– महाराज ! बच्चालाई नकाट्नुहोस्, मैले बच्चालाई निकै माया गर्छु, ऊ मरेको हेर्न सक्दिनँ। बरू बच्चा उसैलाई दिनुहोस्। सुलेमानले ठम्याए कि जसले जन्माएको हो, उसले बच्चा मार्न अनुमति दिन सक्दैन। त्यसैले बच्चा पहिलो महिलालाई दिनू (Elder, 1472)। जुन आमाले बच्चा जन्माएकी हुन्, उनलाई नै बच्चाप्रति समर्पण, असीमित माया र जीवनको चिन्ता हुन्छ भन्ने प्रमाणित गर्दछ।

## नेपालको कानुनी व्यवस्था

नेपालको संविधान २०७२ को धारा ५१ मा राज्यका नीतिहरू उल्लेख गरिएको छ। ग. १. मा सामाजिक तथा सांस्कृतिक रूपान्तरणसम्बन्धी नीति उल्लेख गरिएको छ। स्वस्थ र सभ्य संस्कृतिको विकास गरेर सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने' ५. समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने। यसले समाज विकासको कार्यलाई मद्दत गर्दछ, समाजलाई चेतनशील बनाउन सघाउ पुग्छ।

सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति– २. जोखिममा परेका, सामाजिक पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनर्स्थापना, संरक्षण, सशक्तीकरण गरी स्वाबलम्बी बनाउने, ४. बालबच्चाको पालनपोषण, परिवारको हेरचाहजस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने व्यवस्था गरिएको पाइन्छ। मेलमिलापले सामाजिक न्याय स्थापित गर्दछ। धारा ५१ को (ट) न्याय र दण्डसम्बन्धी नीति– '१. न्यायप्रशासनलाई छिटोछरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने, २. सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थताजस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्ने उल्लेख गरिएबाट संविधानमै मेलमिलापलाई प्राथमिकता दिएको पाइन्छ।

संविधानको धारा २५ ले सम्पत्तिको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ। मुलुकी देवानी संहिताले सम्पत्तिलाई चल, अलच, बौद्धिक सम्पत्तिमा वर्गीकरण गरेको छ। परिवारका व्यक्तिहरूलाई सम्पत्तिको अधिकारबाट अलग गर्न सकिँदैन। निजी, सगोलमा सम्पत्ति रहने व्यवस्था छ। सम्पत्ति र परिवार एकअर्कासँग जोडिएका विषय हुन्। परिवार र सम्पत्तिलाई नेपालको कानुनमा विस्तृत रूपमा व्याख्या गरिएको छ र त्यसैअनुसार कानुनी व्यवस्था गरिएको छ।

मध्यस्तता ऐन, २०५५ मा मध्यस्थता-सम्बन्धी विस्तृत व्यवस्था गरिएको छ। विवाद भएका पक्षहरूका बिचमा जिल्ला, उच्च र सर्वोच्च अदालतसम्मै मेलमिलापबाट समस्याको समाधान खोज्ने गरिन्छ। दफा ३ मा मध्यस्थताद्वारा विवादको समाधान गर्ने व्यवस्था गरिएको छ। दफा ५ देखि ८ सम्म मध्यस्थको नियुक्ति आदिका बारेमा उल्लेख गरिएको छ। मध्यस्थको कार्यविधि, मध्यस्थमा प्रयोग हुने भाषा, खर्चलगायतको व्यवस्था गरिएको छ।

मुलुकी देवानी संहिता, २०७४ मा मेलमिलापसम्बन्धी व्यवस्था गरिएको छ। अदालतमा परेका मुद्दाहरूमा इजलासबाटै मेलमिलापमा पठाउन जोड दिने गरिन्छ। सम्बन्ध विच्छेदको मुद्दामा

मेलमिलापमा पठाउनैपर्ने व्यवस्था रहेको छ । मुलुकी देवानी संहिता २०७४ को दफा ९७ मा पतिपत्नीको मेलमिलाप गराउनुपर्ने व्यवस्था गरिएको छ ।

## जन्म, विवाह र सम्बन्ध विच्छेदसम्बन्धी व्यवस्था

जन्म प्राकृतिक छनौटको विषय हो । जन्मलाई बुबाआमाको खुसी र उत्सवको रूपमा लिइन्छ । व्यक्तिको जन्म भइसकेपछि त्यसले कानुनी मान्यता र अधिकारहरू प्राप्त गर्दछ । मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ३० मा प्रत्येक व्यक्तिले जन्मनासाथ व्यक्तिको रूपमा मान्यता पाउने र जीवित रहेसम्म कानुनबमोजिमको अधिकार उपभोग गर्न पाउने व्यवस्था रहेको छ । दफा ३१ मा नामको अधिकारको व्यवस्था गरिएको छ । कानुनबमोजिम स्थानीय तहमा जन्म दर्ता गर्ने व्यवस्था रहेको छ । व्यक्तिलाई १८ वर्ष पुगेपछि बालिग र कानुनी रूपमा सक्षम भएको मानिन्छ ।

विवाह व्यक्तिको छनौटको विषय हो । विवाहमार्फत परिवारको निर्माण हुन्छ । नेपालमा २० वर्ष पुगेको पुरुष वा महिलाले स्वतन्त्रतापूर्वक विवाह गर्न पाउँछन् । मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ६७ मा कुनै पुरुष र कुनै महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पतिपत्नीका रूपमा स्वीकार गरेमा विवाह गरेको मानिने उल्लेख छ । सोही संहिताको दफा ७७ बमोजिम दर्ताद्वारा विवाह गर्न सकिने व्यवस्था रहेको छ । विवाह गर्न इच्छुक पुरुष र महिलाले अदालतमा विवाहका लागि निवेदन दिन सक्छन् । विवाहलाई एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानुनी बन्धन मानिएको छ । बालविवाह, झुक्याएर गरिने विवाह, हाडनाता विवाहलाई कानुननले मान्यता दिएको छैन । दफा ६९ मा प्रत्येक नागरिकलाई कानुनको अधीनमा रहेर विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता व्यवस्था गरिएको छ ।

सम्बन्ध विच्छेद बाध्यता वा पारिवारिक बेमेल हुँदा गरिने कार्य हो । मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ९३ मा पतिपत्नी दुवैको समझदारीमा, दफा ९४ मा पतिले तथा दफा ९५ मा पत्नीले सम्बन्ध विच्छेद गर्न सक्ने व्यवस्था गरिएको छ । दुवैको मञ्जुरी, पति वा पत्नीले अदालतमा निवेदन दिएको अवस्थामा सम्बन्ध विच्छेद हुन सक्छ । सम्बन्ध विच्छेद हुँदा सन्तानको पालनपोषण, शिक्षादीक्षा, औषधिउपचार, भविष्यमा असर गर्ने कुनै पनि निर्णय हुन नसक्ने व्यवस्था गरिएको छ । सम्बन्ध विच्छेद हुँदा पति वा पत्नीको सम्पत्तिको अधिकारलाई सुनिश्चित गरिएको छ ।

नेपालमा विवाह र सम्बन्ध विच्छेदसम्बन्धी कानुन प्रगतिशील रहेको छ । एकअर्कालाई स्वतन्त्रतापूर्वक स्वीकार गरेर बस्न वा सम्बन्ध विच्छेद गर्न सकिने कानुनी व्यवस्था रहेको छ । मुलुकी संहिता २०७४ आउनुभन्दा अगाडि पति सम्बन्ध विच्छेदको लागि सिधै अदालत जाने व्यवस्था थिएन । सम्पत्तिसँग अभिन्न रूपले जोडिएको पारिवारिक कानुनलाई स्वतन्त्र र पारदर्शी बनाउँदा त्यसले समाजलाई प्रगतिशील बनाउन मद्दत गर्दछ भने पारिवारिक हिंसा घट्न सक्छ ।

## पारिवारिक अदालत

परिवारसँग सम्बन्धित विवादहरू हल गर्ने अदालतलाई पारिवारिक अदालत भनिन्छ । पारिवारिक अदालत भनेको पारिवारिक कानुनसँग गहन रूपमा सम्बन्ध भएका मुद्दामामला, झैझगडा आदि समस्याको निराकरण गर्ने अदालत हो । यस्तो अदालतले बन्द ढोकाभित्र पारिवारिक समस्याको समाधान गर्दछ । यस्तो छुट्टै पारिवारिक अदालतको कानुनी व्यवस्था हाम्रो देशमा छैन । तर हाम्रो समाजिक परिप्रेक्ष्यमा यो कुनै नयाँ र अनौठो व्यवस्था पनि मान्न सकिँदैन (थपलिया,२०४५, पृ.२१) । कानुनद्वारा पारिवारिक अदालतको गठन गरिन्छ । पारिवारिक अदालत नभएको खण्डमा पारिवारिक इजलास गठन गरेर पनि पारिवारिक कानुन सहज ढङ्गले कार्यान्वयन गरेर न्याय निरूपण गर्न सकिन्छ । पारिवारिक अदालत ठुलो संरचना हो भने पारिवारिक इजलास अदालतको एउटा एकाइ मात्रै हो ।

पारिवारिक अदालतको क्षेत्रभित्र विवाह, सम्बन्धविच्छेद, मानाचामल, बालबालिकाको संरक्षण, धर्मपुत्रपुत्री, घरेलु झगडा, सम्पत्ति बाँडफाँड, अनैतिक सम्बन्ध, अभिभावकको दायित्वजस्ता विषयवस्तुहरू पर्दछन् । बिसौं शताब्दीको प्रारम्भमा विश्वभरका देशहरूले आफ्ना अदालतहरूमा मध्यस्थता सम्झौताहरू कार्यान्वयन गर्न आवश्यक पर्ने कानुनहरू लागु गर्दै मध्यस्थताको नीति अपनाउन थाले । यसका साथै मध्यस्थहरूको निर्णयको न्यायिक समीक्षालाई गम्भीर रूपमा हेरिन थालियो । विगतको एक सय वर्षको अवधिमा एक बलियो मध्यस्थता नीति देखापरेको छ र मध्यस्थता व्यावसायिक उपभोक्ता र व्यावसायिक विवादहरूमा प्रचलित भएको छ (मध्यस्थता, २०८०, पृ. ६) । नेपाल पनि विश्वमा भएका कानुनी अभ्यासबाट अछुतो रहन सक्दैन । विश्वका धेरै देशहरूमा पारिवारिक अदालतको अभ्यास हुँदै आइरहेको छ ।

भारतको पारिवारिक अदालत ऐन १९८४ मा उच्च अदालतसँगको सहकार्यमा राज्य सरकारले पारिवारिक एक मिलियनभन्दा धेरै जनसङ्ख्या भएको जुनसुकै गाउँ वा शहरमा पारिवारिक अदालत गठन गर्न सक्ने व्यवस्था गरिएको छ । अमेरिकामा मेलमिलाप गराउने अदालत, संरक्षकत्व तथा सम्पत्तिसम्बन्धी अदालतलाई सँगसँगै काम गर्ने गरी गठन गरिएको छ । अमेरिकामा सन् १९१० मा *डोमेस्टिक रिलेसन कोर्ट*को नाममा पारिवारिक अदालत गठन गरेको पाइन्छ । जापान, अष्ट्रेलिया, बेलायत, फिलिपिन्सलगायतका केही देशहरूमा पारिवारिक अदालत गठन गरेर पारिवारिक मुद्दाहरूको टुङ्गो लगाउने गरिन्छ ।

नेपालमा पारिवारिक अदालतको गठन भएको छैन । तर स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ अनुसार न्यायिक समिति गठन गरेर पारिवारिक विवादहरूमा छलफल गर्न, मेलमिलाप गर्ने अधिकार दिएको छ । तर लोग्नेस्वास्नीको सम्बन्ध विच्छेद गराइदिने अधिकार दिइएको छैन ।

## पारिवारिक विवाद समाधान गर्ने निकाय

पारिवारिक कानुनले मेलमिलापलाई मुख्य जोड दिन्छ भन्ने विषय उठान भइसकेको छ । मेलमिलापका माध्यमबाट समस्या समाधानका लागि विभिन्न कानुनद्वारा स्थापित संरचनाहरू आवश्यक पर्दछ । त्यसका लागि दक्ष जनशक्ति र साधनस्रोत आवश्यक पर्दछ ।

## पारिवारिक इजलास

नेपालमा पारिवारिक अदालत गठन गरिएको छैन । यद्यपि पारिवारिक इजलास सुरु गरिएको छ । न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाअनुसार वि.सं. २०८० असोज २२ गतेदेखि नेपालमा पारिवारिक इजलास सुरुआत भएको छ । काठमाडौं जिल्ला अदालतबाट पहिलोपटक पारिवारिक इजलासको सुरुआत भएको हो । सर्वोच्च अदालतको मुद्दा व्यवस्थापन समितिले अंश, नाता कायम, घरेलु हिंसा, बालबालिकाको संरक्षक भएर दायर भएको अंश र विशेष हेरचाह तथा बालबालिकाको हितसँग सम्बन्धित मुद्दा हेर्ने निर्णय गरेको छ । त्यही निर्णयअनुसार काठमाडौं जिल्ला अदालतबाट पारिवारिक इजलास सुरुआत भएको हो । न्यायमा जनताको पहुँच सुनिश्चित गर्न, गुणस्तरीय र छिटो न्यायप्रदान गर्न पारिवारिक इजलासले मद्दत गर्दछ । नेपालमा नयाँ अभ्यास भएको हुनाले यसको प्रभावकारिता अहिल्यै भन्न सकिँदैन ।

## राष्ट्रिय महिला आयोग

महिला परिवारको महत्त्वपूर्ण अङ्ग भएकोले महिलाको अधिकार सुनिश्चित गर्न, अप्ठ्यारोमा परेका महिलालाई कानुनी सहयोग गर्न नेपालमा राष्ट्रिय महिला आयोग गठन भएको छ । नेपालको संविधानको धारा ३८ मा महिलाको हकलाई मौलिक हकका रूपमा स्थापित गरिएको छ । महिला आयोगले पारिवारिक झगडा र हिंसामा परेका महिलाका समस्या समाधान गर्न पहल गर्दै आएको छ । आयोगले पारिवारिक झगडाहरू मिलाउने र कानुनी कारवाहीको लागि सिफारिस गर्ने आदि काम गर्दै आएको छ ।

## महिला प्रहरी सेल

प्रहरी पारिवारिक कानुनसँग जोडिएको राज्यको महत्त्वपूर्ण अङ्ग हो। महिलाका गुनासो सुन्न तथा महिला विरुद्ध हुने हिंसामा अनुसन्धान गर्नका लागि नेपाल प्रहरीले केन्द्रीय महिला विभाग गठन गरेको छ। मूलतः बहुविवाह, खानलाउन नदिएको, बालबालिका र महिलामाथि भएका हिंसाका उजुरीमाथि प्रहरीले अनुसन्धान गर्दछ। यसमा पक्ष र विपक्षका बिच छलफल गराउने र मेलमिलाप हुने तहसम्म सम्झाइबुझाइ गरेर मेलमिलाप गराउने गरिन्छ। महिला प्रहरी सेलको स्थापना २०५२ साल फागुनमा भएको हो। महिलासम्बन्धी हुने अपराधहरूको छानविन तथा समस्या समाधानमा महिला प्रहरी सेलले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। महिलासँग जोडिएका पारिवारिक, सामाजिक समस्या र अपराधिक क्रियाकलापमा महिला प्रहरीद्वारा अनुसन्धान भएमा धेरै प्रभावकारी हुने ठानिएर महिला प्रहरी सेल स्थापना गरिएको हो।

## स्थानीय न्यायिक समिति

नेपालको संविधान २०७२ को धारा २१७ मा सबै स्थानीय तहमा न्यायिक समिति रहने व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई न्यायिक अधिकार पनि दिएको छ। ऐनको दफा ४६ मा न्यायिक समितिको व्यवस्था रहेको छ भने दफा ४७ मा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। न्यायिक समितिलाई मेलमिलापका माध्यमबाट विवादहरूको समाधान गर्ने अधिकार दिइएको छ। घरझगडा, बालबालिका, ज्येष्ठ नागरिक, साँध, कुलो, सार्वजनिक जग्गा विवाद, घरबहाल समस्या, रूखबिरुवा, वन, पशुपक्षीजस्ता उजुरीहरूमा दुवै पक्षका बिचमा छलफल गराएर विवाद समाधान गर्ने अधिकार दिएको छ।

## सर्वोच्चबाट भएका केही फैसलाहरू

सर्वोच्च अदालत वि.सं. १९९७ साउन १ गते प्रधान न्यायालयको नामबाट स्थापना भएको हो। वि.सं. २००८ सालमा प्रधान न्यायालय ऐन र वि.सं. २०१३ सालमा सर्वोच्च अदालत ऐन आएपछि नेपालको न्यायालय व्यवस्थित हुँदै गएको थियो। वि.सं. २०१५ सालदेखि *नेपाल कानुन पत्रिका* प्रकाशन गर्न सुरु भएको पाइन्छ। नेपाल कानुन पत्रिकामा नजिरहरू छापिएको छ। नेपाल कानुन पत्रिका हालसम्म नियमित रूपमा प्रकाशित भइरहेको छ। पत्रिकामा पारिवारिक, वाणिज्य, संवैधानिक, आर्थिक, फौजदारीलगायत विषयमा सर्वोच्च अदालतले गरेका फैसला र स्थापित नजिरहरू छनौट गरेर छापिने गर्दछन्।

मानु छुट्टिएर भिन्न बसेपछि छोरा अथवा बाबुले बण्डा गर्दिन भन्न नपाउने, अंश नभए पनि छुट्टिएर भिन्न बसेका वा खति उपति आआफ्नो गरेर आआफ्नो हिस्सासँग मात्र राखी खानु पिउनु, एकै ठाउँमा गरेको भए पनि मानु छुट्टिएर भएको ठहर्नाले कमाएको धन र लगाएको ऋण आआफ्नो हुन्छ भन्ने स्पष्ट शब्दमा उल्लेख भएको र मानु छुट्टिएकोमा सगोलै छ भन्न नमिल्ने (नेकाप २०१५, अङ्क १)। अघि नै बण्डापत्र भएर आफ्नो भाग जिउनी लिएर बसेकोमा फेरि अंश पाउँ भन्ने दाबी लाग्न नसक्ने (नेकाप, २०१७, अङ्क ७) उल्लेख छ।

बण्डापत्र लिखत नभए पनि दुवै पक्षको मञ्जुरीले बण्डा गरेर आआफ्नो भाग नामसारी, दर्ता, भोगचलन, बिक्रीबन्धक लिनुदिनुसमेत भए गरेकोमा पहिले बण्डा भए गरेको व्यवहार बदर गरेर पुनः बण्डा गरिदिनुपर्ने भन्न नमिल्ने (नेकाप, २०२८, अङ्क १२)। आमाको गर्भबाट बच्चा पैदा हुने हुँदा मातृत्व एउटा निश्चित तथ्यमा आधारित हुने कुरा हो। तर पितृत्वको निर्धारण यस्तो वास्तविक तथ्यका आधारमा हुन सक्दैन। यो जहिले पनि अनुमानकै भरमा हुन्छ (नेकाप, २०४१, अङ्क ५)। अंश र अपुताली भन्ने दुई बेग्लाबेग्लै अवधारणा हुन्, पुस्ताको हिसाबले विचार गर्दा पनि लोग्नेस्वास्नी समान पुस्तामा पर्छन् भने छोरो दोस्रो पुस्तामा पर्न आउँछ, अपुताली पहिला समान पुस्तामा र त्यसपछि मात्र दोस्रो पुस्तामा जाने (नेकाप २०४५, अङ्क २)। जुनसुकै शब्द प्रयोग गरे पनि माइतीबाट दिएको धन दाइजो हुने। माइतीबाट पाएको सम्पत्ति स्त्रीअंशधनको महलबमोजिम एकलौटी

हुने (नेकाप २०४८, नि.नं. ७४५) व्यवस्था छ ।

हाम्रो कानुनी व्यवस्थाअनुसार छोराले भने जन्मनासाथ बाबुको सम्पत्तिबाट अंश पाउने, तर छोरीको हकमा भने ३५ वर्ष पुगेकी अविवाहित छोरीले मात्र अंश पाउने व्यवस्था फरक रहेको देखिन्छ । तर अंशबण्डाकै महलमा गरेको अन्य व्यवस्थालाई हेर्दा छोरीले अंश पाउनबाट बञ्चित गरेर भेदभावपूर्ण व्यवहार भएको भन्न नमिल्ने । सम्पत्तिसम्बन्धी पारिवारिक कानुनलाई समष्टिगत रूपमा विचार गर्नुपर्ने हुँदा यो सम्बन्धमा मान्यता प्राप्त महिला सङ्गठन, समाजशास्त्रीहरू, सम्बन्धित सामाजिक सङ्गठन र कानुनविदहरूसँग आवश्यक परामर्श गरेर अन्य देशहरूमा यस सम्बन्धमा भएको कानुनी व्यवस्थासमेत अध्ययन र मनन गरेर आदेश प्राप्त भएको मितिले एक वर्षभित्रमा संसदमा उपयुक्त विधेयक प्रस्तुत गर्न श्री ५ को सरकारलाई निर्देशन दिन निर्देशनात्मक आदेश जारी हुने (नेकाप २०५२, अङ्क ६) भनिएको छ ।

## पारिवारिक कानुन कार्यान्वयनका फाइदा

हरेक समाजमा व्यक्तिका समस्याहरू व्यक्तिगत सीमा वा गोपनीयताभित्र राख्ने चाहना प्रकट हुन्छ । अदालतको खुला इजलासमा गोपनीयता राख्ने सम्भावना हुँदैन । पारिवारिक समस्या हल गर्नका लागि व्यक्ति तथा परिवारको गोपनीयता कायम राख्दै विवाद समाधान गर्न पारिवारिक कानुन र पारिवारिक अदालतको आवश्यकता पर्दछ । पारिवारिक कानुन परिवार, व्यक्तिको फाइदा र हितका लागि हो भनेर बुझ्नुपर्दछ । सबै व्यक्तिहरूले आफ्ना समस्यामा गोपनीयता कायम गर्ने अधिकार राख्छन् । नेपालको संविधानको धारा २८ मा गोपनीयताको हकलाई मौलिक हकका रूपमा राखिएको छ । व्यक्तिको मान, प्रतिष्ठा, इज्जतमा घात पुऱ्याउन नपाइने व्यवस्था गरिएको छ । संविधानको यो धारा लागु गर्न पारिवारिक अदालतको आवश्यकता पर्दछ ।

कानुनबाट फाइदा लिनका लागि समाजको विकास उन्नत भएको हुनुपर्दछ । अविकसित समाजमा कानुनहरू पनि राम्रा बन्दैनन् र तिनले राम्रोसँग काम गर्न सक्दैनन् । विकासोन्मुख समाजमा कानुनहरूको निर्माण, प्रयोग र व्याख्या समस्याहरूको तदर्थ समाधानको लागि गर्ने प्रवृत्ति रहन्छ । यसले गर्दा छोटो समयमा पनि एकै विषयमा अत्यन्तै फरकफरक कानुनी व्यवस्थाहरूको निर्माण भएका उदाहरणहरू प्रशस्त भेटिन्छन् (संग्रौला, २०७७, पृ. ३१) । कानुन निर्माण र त्यसले सृजना गरेका तदर्थ समाधानले समस्यालाई झन् जटिल बनाउने काम गर्दछन् । सबैभन्दा पहिले कानुन नै प्रस्ट र दीर्घकालीन महत्त्वको हुनुपर्दछ । पारिवारिक कानुनले समाज विकासमा धेरै ठुलो योगदान गर्दछ ।

क. सजिलो प्रक्रिया– पारिवारिक कानुन सजिलोसँग प्रयोग गर्न सकिन्छ । पारिवारिक व्यवहार र सम्बन्धसँग जोडिएको हुनाले यसलाई बुझ्न सजिलो हुन्छ । कानुनका दृष्टिकोणले सबै व्यक्ति समान हुन्छन् र समान व्यवहार गर्नुपर्दछ भन्ने बुझ्न गाह्रो पर्दैन । त्यसैअनुसार सम्पत्तिको बाँडफाँड, मेलमिलाप र समस्याको समाधान गर्न सकिन्छ ।

ख. कम खर्चिलो– मेलमिलापका माध्यमबाट पारिवारिक समस्याको हल हुने सम्भावना बढी हुनाले कम खर्चिलो हुने गर्दछ । गरिब, दीनदुःखी र पैसा नहुनेहरूले पनि न्याय प्राप्त गर्न सक्छन् । यसको महत्त्वपूर्ण पक्ष मध्यस्तता हो । पारिवारिक झगडाका दुवै पक्षलाई राखेर मध्यस्थतामार्फत विवाद समाधानको प्रयत्न गरिन्छ ।

ग. गोपनीयता– अदालत वा न्यायिक निकायको बन्द इजलासमा छलफल हुने हुनाले व्यक्ति र परिवारको गोपनीयता कायम रहन्छ । सबैलाई इजलासमा बस्ने अनुमति हुँदैन । संविधान र कानुनले व्यक्तिको गोपनीयताको ग्यारेन्टी गरेको अवस्थामा त्यसको व्यवहारिक प्रयोग हुन सक्छ ।

घ. सहमतिमा विवादको निरूपण– पारिवारिक कानुनले सहमतिमा जोड दिने गर्दछ । पारिवारिक अदालतले पनि मेलमिलापलाई नै जोड दिने गर्दछ । मेलमिलापका अनेकौं उपायहरूको खोजी गरिन्छ । दुवै पक्षलाई चित्त बुझाएर

मात्रै निर्णयमा पुगिने हुँदा दुवै पक्षको सहमति अनिवार्य बन्दछ । कुनै एउटा पक्षले मुद्दा जित्ने वा हार्ने नभएर दुवैलाई मान्य हुने गरी निर्णय गरिन्छ ।

## निष्कर्ष

पारिवारिक कानुन व्यक्तिको सर्वाङ्गीण विकास र उन्नत समाज निर्माणको सशक्त माध्यम हो । कानुनका माध्यमबाट पारिवारिक, सामाजिक र बौद्धिक सम्पत्तिको विकास र संरक्षण हुन्छ । समाजमा अहिंसा, समानता तथा सुशासन कायम गर्ने वातावरण निर्माण गर्न सघाउ पुग्छ । परिवारका सदस्यहरूको समान पालनपोषण, शिक्षादीक्षा, औषधिउपचार, सिप विकास, क्षमता विकास, आर्थिक, सामाजिक, सांस्कृतिक विकास गर्नका लागि पनि पारिवारिक कानुनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । लैङ्गिक समानता विना उन्नत समाजको परिकल्पना गर्न सकिँदैन । पारिवारिक कानुनले लैङ्गिक समानताको वकालत गर्दछ । पुरुष र महिला समाजका अभिन्न अङ्ग हुन् भन्ने विषय व्यवहारबाटै प्रमाणित हुनुपर्दछ र सँगसँगै हिँडाउनुपर्दछ । पारिवारिक तथा सामाजिक समस्याको मेलमिलाप र शान्तिपूर्ण समाधानका लागि पारिवारिक कानुनले उल्लेखनीय भूमिका निर्वाह गर्न सक्दछ ।

## सन्दर्भ सामग्रीसूची

खनाल, विशाल (२०७३). *नेपालको न्याय प्रशासन.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

बस्याल, कृष्णप्रसाद, बस्याल विष्णु (२०७६). *पारिवारिक कानुन.* काठमाडौँ : सुशान्त बस्याल र रामप्रसाद बस्याल

वस्ती, प्रकाश (२०७०). *हाम्रो कानुनी इतिहासको नालीबेली.* काठमाडौं : पैरवी प्रकाशन, पुतलीसडक ।

संग्रौला, युवराज (२०७७). *कानुनशास्त्र तथा कानुनका सिद्धान्त.* भक्तपुर : लेक्स एण्ड जुरिस पब्लिकेसन प्रा.लि ।

थपलिया, शान्ता (२०४५). *कानुन त्रैमासिक, वर्ष ४, अङ्क ४.* काठमाडौंः नेपाल कानुन किताब प्रकाशन प्रा.लि., रामशाहपथ ।

नेकाप, २०१५, अङ्क १, नि.नं. १, सर्वोच्च अदालत ।

नेकाप, २०१७, अङ्क ७, नि.नं. १०६, पृ.१६, सर्वोच्च अदालत ।

नेकाप, २०२८, अङ्क १२, नि.नं. ६५२, सर्वोच्च अदालत ।

नेकाप, २०४१, अङ्क ५, नि.नं. १९८७, प्रकरण नं. १९, सर्वोच्च अदालत ।

नेकाप, २०४५, अङ्क २, पृष्ठ ९६, नि.नं. ३३५२, सर्वोच्च अदालत ।

नेकाप, २०४८, नि.नं. ७४५, प्रकरण नं. १६, सर्वोच्च अदालत ।

नेकाप, २०५२, ४४६, अङ्क ६, सर्वोच्च अदालत ।

नेपालको संविधान २०७२काठमाडौँ : कानुन किताब व्यवस्था समिति ।

नेपालमा महिलाको अवस्था, अङ्क २,काठमाडौँ : राष्ट्रिय महिला आयोग, भद्रकाली

मध्यस्तता ऐन २०५५, काठमाडौँ : कानुन किताब व्यवस्था समिति ।

मध्यस्थता ऐन २०५५ को संशोधनसम्बन्धी अध्ययन, २०८०, काठमाडौँ : नेपाल कानुन आयोग

महिला तथा बालबालिका केन्द्रको सुधारका क्षेत्रहरू (मिति उल्लेख नभएको) काठमाडौँ : महिला कानुन र विकास मञ्च, महिला अधिकार सञ्चार प्रतिष्ठान ।

मुलुकी देवानी संहिता, २०७४, काठमाडौँ : कानुन किताब व्यवस्था समिति ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, काठमाडौँ : कानुन किताब व्यवस्था समिति ।

Lucas Cranach the Elder (1472-1553) - The Judgement of Solomon, WWW.RCT.UK, https://www.rct.uk/collection/406032/the-judgement-of-solomon. (Last visited April 2, 2023) ■